यात्रा-संस्करण

कर्णाली, यार्सा र राजधानी

सुवास आचार्य 'आगमन'

करिव एकवर्ष अघि गुरूकुल, सम नाटकघरमा सुनिल पोखरेलद्वारा निर्देशित 'कर्णाली दख्खिन बग्दो छ' नाटक हरेपछि मलाई कर्णाली मध्य-पश्चिममा मात्र नभई छरपस्ट देशैभरि छरिएको छ जस्तो भान भएको थियो । राजधानीभित्रको खाडललाई मात्र नेपाल ठान्ने, थानकोट कटेपछि पनि नेपाल छ र भन्ने अनि पिकनिक भन्दै ककनी जाने र कति अग्लो ठाउँ भन्नेहरूको थुप्रै जमात भेटिन्छन् काठमाडौंमा । तिनीहरूलाई सगरमाथाको आधार शिविर पुऱ्याए के भन्लान् । जे होस् यी यस्ता यावत भ्रम, अज्ञान पालेर, कहिले ग्याँसको अभाव, कहिले पेट्रोलको लाइन, कहिले पानीको हाहाकार, लोडसेडिङ, ट्राफिक जाम, नेटवर्क व्यस्त जस्ता थुप्रै व्यस्त र अभाव बोकेर भातलाई भूजा, सन्तोषीलाई सोना देखेर काठमडौं अब कतिन्जेल काठमाडौं रहला ? काठमाडौं आफैमा आधुनिक कर्णाली हो । काठमाडौंमा दुखिरहेको कर्णाली प्रस्ट देख्न, अनुभव गर्न सकिन्छ ।

प्रसङ्ग हो रसुवास्थित यार्साको । गुरूकुलको नाटकमा जस्तै रसुवामा पनि उही गरीवी, भोक, रोग, हाहाकार, अशिक्षा व्याप्त छ फरक यति हो कर्णाली राजधानीबाट टाढा छ तर रसुवा नजिक छ । हामीलाई थाहा छ, नेपाली परम्परा नै हो 'नजिकको तीर्थ हेला' भने झैं सबै कर्णाली-कर्णाली भन्दछन् । रसुवाको यार्सा भन्ने कोही छैनन् । कर्णाली 'दुर्गम/विकट' को ट्रेडमार्क नै बनिसकेको छ । राजधानीमा जो कोहीलाई सोध्नोस् कर्णाली नचिन्ने कोही छैन । तपाईं कर्णाली भन्नोस् उसको मानसपटलमा धाँसको भारी बोकेर तुइन तर्दै गरेकी महिला, भेडा गोठाला, स्कुले तथा केटोकटी यस्तै-यस्तै आकृति सिर्जित भई नै हाल्छ । फरक यति हो राजधानीलाई कर्णाली थाहा छ । कर्णालीलाई राजधानी थाहा छैन । राजधानीलाई तुइन थाहा छ । घोरेटो अनि गोरेटो थाहा छ तैपनि थाहा नपाए जस्तै गर्छ तर कर्णालीलाई चक्रपथ, रत्नपार्क, वीर अस्पताल, सिंहदरबार, संविधानसभा र त्रिभुवन विश्वविद्यालय कदापि थाहा छैन । यहाँ राजधानीसँग परिचित कर्णाली भन्दा फरक कथा बोकेको रसुवाको व्यथा मीठो छ ।

म उच्च शिक्षा अध्ययनको बहानामा राजधानी छिरेको करिव एक दशक बित्न लागिसक्यो । क्याम्पसमा नयाँ-नयाँ साथीहरूसँग परिचय हुन्छ । अधिकांश काठमाडौंकै खाल्डोका मित्रहरू नै हुन्छन् । के कहाँ, कसो भन्दै सुरू हुने यस्ता परिचयमा म प्रायः साथीहरूले बताउने जिल्लाको सामान्य जानकारी राख्दछु तर यहाँ अधिकांश मित्रहरू मेरो घर रसुवा भन्ने बित्तिकै तराई हो भन्नुहुन्छ । सर्लाही, सुनसरीजस्तै अनुमान हुन्छ रे । काठमाडौंबाट ७८ किमी उत्तरमा अवस्थित छ रसुवा । सवारी यात्रा गर्ने हो भने बढीमा ३-४ घन्टामा पुगिन्छ । यस्तो परिवेशमा म लगत्तै सोधी हाल्छु, 'साथी तपाईंलाई थाहा छ कर्णाली कता छ ?' उत्तर आउँछ, 'ए

किन थाहा नहुनु मध्य-पश्चिममा पर्छ । विकट, दुर्गम छ नि ।' म छक्क पर्छु, यातायातको नाममा हवाइजहाजको विकल्प नरहेको कर्णालीको जानकारी राख्ने मेरा मित्रमा बिहान गए बेलुकी फर्किन सकिने रसुवाको बारेमा जानकारी छैन । विदेशमा नेपाल चिनाउन बुद्ध र सगरमाथाको नाम लिएजस्तै ' गोसाइकुण्ड र लाङ्टाङ्' को नाम लिएपछि टाउको हल्लाउँछन् साथीहरू ।

यो घटना मेरा लागि दैनिकी जस्तै नै हो । कोही नयाँ मित्रसँग परिचय हुन्छ त उनी रसुवालाई तराई देख्छन् । अनि म लाङ्टाङ्ग र गणेश हिमाल सम्झाउँछु । म राजधानीको गल्ली-गल्लीमा डेरा सरिरहेछु । दस वर्षको बसाईंमा एघार पटक डेरा सरें होला । म राजधानीमै मेरो जीवन बिताउँछु होला जस्तो कहिल्यै लाग्दैन । रसुवाको चिन्ता गर्नु मेरो अर्को दैनिकी हो । रसुवा नचिन्नेहरूको जमातमा रसुवाली हुनुको पीडा चिनिएका कर्णालीहरूको भन्दा फरक छ । मैले सोचे रसुवाको नाम पहिरो राख्नु उपयुक्त छ । एकपटक मलाई लाङ्टाङ्ग यात्रा गर्ने मौका मिलेको थियो । रोकिएको यात्रा सँगसँगै अर्को यात्रा सुरू भयो यार्साको । सहभागी थियौं हामी तीन जना कलाकार शशी डंगोल र डिल्ली घिमिरे अनि म । समग्रमा हामी तीनै जना कलाकारहरू यार्साको यात्रा गर्ने टुंगोमा पुग्यौं । बेत्रावती, जिवजिवे, किमार्जुन डाँडा, सर्स्यू, लाङ्बु, स्याङ्गेल, खाङ्दोर, सिमन्दी, दोक्लाङ, बच्चा, यार्सा, पार्च्याङ, मोर्ले हुँदै कालिस्थान हाम्रो यात्रा मार्गको मोटामोटी खाका बन्यो ।

विकासबाट वञ्चित गुमनाम यो वस्तीमा हामी कोसँग परिचित छैनौं । धन्न नेपाली भने बुझ्दा रहेछन् । सबै के कामले आएको भनी सोध्ने, कोही "सार साडाकको हो ताहरू, बत्तीको हो, पाउर हाउसको हो" यस्तै-यस्तै प्रश्न गर्ने सबै । हामी त्यसै घुम्न आएको भन्दा कोहीले पत्याएनन् । अनि भन्यौं हामी कलाकारहरू हौं, गाउँ-ठाउँको चित्र बनाउन फोटो खिच्दै हिंडेको । यति भनुन्जेल रातको आठ बजिसकेको थियो । बस्ने बाँसको अझै टुङ्गो थिएन । आफ्नै जिल्लामा परदेशी जस्तै भयौं हामी । धेरै चिनेजानेको नाम अनि कुराहरू भएपछि सुकु लामाले आफ्नो घरमा बस्न अनुमति दिए । कतै केही पो हुन्छ कि भन्ने डरै डरमा बसियो ।

सुकु दाइका छोरा महेन्द्र तामाङ चार घण्टा परको गाउँमा कोठा लिएर ६ कक्षामा पढ्दा रहेछन् । दसैंको बिदाको मौकामा घर आएका । हामीलाई निकै नै आदर गरे भाइले बाहिर नै बस्ने भन्दा होइन सरहरूलाई जाडो हुन्छ भन्दै भित्र लग्यो । मैले धेरै नै वार्तालाप गरें भाइसँग । पछि के बन्ने विचार छ महेन्द्र भनी सोध्दा आफू शिक्षक बनी गाउँमा पढाउने धारणा व्यक्त गरे । शिक्षक किन बन्ने त भन्ने प्रश्नमा भाइले 'शिक्षक बनेपछि भारी बोक्नु पर्दैन' । यो उत्तरले मलाई ज्यादै नै सोंचमग्न बनायो । उभिएर सजिलै हिड्न सक्ने भएदेखि थाप्लामा नाम्लोले छोडेको छैन । खाङदोरबाट नजिकैको बजार भनेको ८।१० घन्टाको पैदल बाटोमा पर्दछ ।

भात पकाइदिने कुरा गर्दा हामीले ढिडो नै खाने जानकारी गरायौं । यहाँ कोदो, फापर र आलु बाहेक केही पाइदैन । दशैं भएर चामल पाइएको कुराको जानकारी गराउदै थिए महेन्द्र भाइ हामीलाई । कतार गएकी दिदीको सम्झना समेट्दै महेन्द्र घरायसी जिम्मेवारीभित्र कसिँदै छन् । यति टाढाको पैदल यात्रामा माथिबाट ढुंगा पो खस्छ कि भन्ने भयले छामछुम पहिरोको बाटो हुदै खाङदोरका महेन्द्रहरूले बोकेको चामल खानु हामीले ठीक देखेनौं । खाङदोरसम्मको यात्रा गर्दा हामीले चार वटा भयंकर पहिरोको सामना गरेका थियौं । अझै पहिरो देखेर

मलाई कतै रसुवालाई पहिरो भन्ने नामले पुकारिनु हितकर लाग्न थाल्यो । पहिरो भनेपछि पक्कै पनि काठमाडौं खाडलका दिग्गजजनले तराई भन्ने चेष्टा त नगर्लान् नि । तराईमा त पहिलो जादैन ।

जीवनमा भारीबाट छुटकारा पाउन पाए काफी छ भनेर देख्ने महेन्द्र कति खुसी छन् । म राजधानीलाई हेर्छु, कति आशा पालेर महत्वकांक्षा ओढेर मानिसहरू दुखी र निराश छन् । कवि तथा साहित्यकार अनिल शर्मा 'विरही'ले आफ्नो कृति 'रसुवामा दुखिरहेको कर्णाली' मा रसुवामा धेरै विषयहरू कर्णाली सरह छन् भनेर उल्लेख गर्नुभएको छ । तर, समयले कोल्टे फेर्दैछ 'कर्णालीमा दुखिरहेको रसुवाको' सिर्जना कतै भइरहेको महसुस गर्न सकिन्छ । कर्णालीमा फेरि कर्णाली नै जोड्ने हो भने यार्साको चित्र देख्न सकिन्छ । गुरूकुलको नाटकमा 'कर्णाली दखिन बग्दो छ' भन्ने देखाइएको छ । दक्षिण तथा गतिमा छ तर विडम्बना रसुवा कतै बग्दै छैन । यार्सा कतै बग्दै छैन । आफै मासिएर विलीन बन्दैछ । यार्सा यात्राको अन्त्यसँगै मैले डायरीमा यि हरफहरू लेखे-

पहाडको टुप्पामा
पिठ्यूँको पहाड बिसाउँदा
स्कुल सुनेको तर कहिल्यै नदेखेको
नवयुवकको निधारबाट
तप्प ! तप्प ! तप्प !!! खस्छ,
यार्सा ।

१३ वर्ष नपुग्दै, १६ वर्ष भन्दै
नागरिकता अनि राहदानी बोकेर
कतार, इजरायल, बम्बई
विदेशीएकी चेलीको
पर्खाइ, सम्झना गर्दै
आधा दर्जन लालाबाला
च्यापिरहेकी आमाहरूको आँखामा
आजकल छचल्किन्छ र बग्छ-यार्सा ॥
चौतारामा नयाँ अनुहार देखिँदा-
'सार साडकको हो तँहरू,
स्कुलको हो,
अस्पितालको हो,
सुन्य शताब्दिमा झैं, यस्तै यस्तै-
मानव सभ्यताको
जीर्ण अस्तित्व बोकेर,
अविरल प्रश्नहरू गुञ्जाउँछ
यार्सा ॥

धोर्मूको पहिरोमा पुरिएको जीवन,
प्राङ्सेको पहिरोले विस्थापित भविष्य
फलाखुको भेलमा बगेको घट्टसँगै
भोको पेट बोकेर
चौरी डोऱ्याउँदै लेक उक्लेका
लाक्पा, डोल्मा जस्तै,
एउटै युगको निरन्तरतामा
यार्सा ॥

न रवि नै पुग्ने
न त कवि नै पुग्ने
सरकारलाई त थाहा नै छैन
न त इश्वरले नै देखे,
कर्णालीभन्दा अलि पर
जीवनलाई अभिषाप मान्दैछ,
यार्सा ॥

संस्थापक / सचिव
दुर्गम नेपाल, रसुवा ।

चिलिमे "प्रतिभापुञ्ज"

वार्षिक पुस्तिका

वर्ष ४ | अंक ४ | २०६८ वैशाख

प्रमुख सल्लाहकार
श्री कुलमान घिसिङ

सल्लाहकारहरू
डा. श्री डम्बरबहादुर नेपाली
श्री लीलानाथ भट्टराई
श्री राजकुमार वलाल

सम्पादक मण्डल
रामप्रसाद घिमिरे
प्रकाशबहादुर कार्की
नारायणसिंह गुरुङ्ग
कान्छाबाबु तामाङ

सहयोगी
श्रीराज बज्राचार्य
गोकर्णप्रसाद चौधरी
शम्भु माझी
दलबहादुर श्रेष्ठ

व्यवस्थापक
चिलिमे जलविद्युत कम्पनी लि.

प्रकाशक
चिलिमे जलविद्युत कम्पनी
कर्मचारी युनियन

सम्पर्क
प्रतिभापुञ्ज प्रकाशन समिति
फोन: ९९४१०००६
९९४१०००७
०१६२०२४६७

E-mail:
pratibhapunja@gmail.com

मुद्रण
Multigraphic Press Pvt. Ltd.
Tel:- 4274514, 4274651
mdmohan@wlink.com.np

सम्पादकीय

जुन उद्देश्यका साथ चिलिमे प्रतिभा पुञ्जको परिकल्पना गरिएको थियो, आज प्रकाशनको चौथो अंकसम्म आइपुग्दा केही हदसम्म नजिक आइपुगेको महशुस भएको छ । चाहे प्राविधिक हुन् वा गैर-प्राविधिक, आफ्नो पेशागत धर्म अक्षुण राख्दै सुसुप्त अवस्थाका साहित्यिक तथा विश्लेषणात्मक लेख रचनाप्रतिको अनुराग झन् बढी घनिभूत हुदै गएको छ, चिलिमे प्रतिभापुञ्जमा । हाल प्रतिभापुञ्ज हामी सबैको साझा मञ्च तथा ढुकढुकी बनेको छ । यो प्रतिभापुञ्ज हाम्रा प्रतिभा तथा सुस्केराहरू बिसाउने चौतारी बनेको छ । मिर्मिरे यात्राको गोरेटोमा सहाराको खोजीसँगै ढलमलाउदै हिँडेको प्रतिभापुञ्ज, हजारौं सहयात्रीसँगै राजमार्गमा पदार्पण भएको छ ।

दैनिक १४ घण्टा लोडसेडिङको चपेटामा परेका नेपाली जनता मिति २०६७ चैत्र ०९ गते बुधबार व्यवस्थापिका संसदबाट वैकल्पिक योजनासहित साँढे चार वर्षे ऊर्जा संकटकालको घोषणाले केही आशावादी भएका छन् । सरकारको यस कदमले ऊर्जा क्षेत्रमा अहोरात्र लागिपरेका जलविद्युतका हिमायतीहरूले केही हदसम्म भएपनि राहत महसुस गरेका छन् । यसपालिको सरकार विगतका सरकारहरूको जस्तै आफैंले घोषणा गरेका नीति-नियमहरू कार्यन्वयन गर्ने सवालमा फितलो नहोस् । जलस्रोत सम्पदाको अपार क्षमता हुँदाहुँदै पनि यसको सही सदुपयोग नहुनुमा सरकारी उदासिनता, देशकै राजनैतिक प्रणालीभित्र छिरेका जलमाफियाहरूको चलखेल, नीति-नियम तथा सम्झौताभन्दा बाहिर गएर मूढेबलका आधारमा लगानीकर्ता एवं प्रवर्द्धकहरूलाई हतोत्साही बनाउने प्रवृति समस्याको मूल कारण हो । यस्तो अवस्थाको अन्त्य नहुँदासम्म आयोजना निर्माणका कार्यहरू अगाडि बढ्न सक्दैनन् । अतः सरकारको उद्देश्य पुरा गर्न, देशले आर्थिक उन्नति गर्न तथा लोडसेडिङको अन्त्य हुनका लागि पारदर्शी योजना, वित्तीय अनुशासन तथा कठोर कानुनको संयोजन नहुँदासम्म कुनैपनि विकासका कार्यले गति लिन सक्दैनन् । यही समस्यामा गाँजिएको छ जलविद्युतको विकास ।

पेशागत दायित्वको डोरीमा बाँधिएर आफ्नो कर्तव्यको मालामा उनिएका चिलिमे कम्पनीका कर्मचारीहरू, जलविद्युत क्षेत्रमा निरन्तर कलम चलाइरहेका विज्ञ-विश्लेषकहरू, देशैंभरी छरिएर रहेका कला-साहित्यका अनुरागीहरू, स्थानीयक्षेत्रका विविध प्रतिभाहरू तथा विद्यालयमा अध्यनरत सरस्वतीका भक्तहरूका साहित्यिक कोपिलाहरूको साझामञ्चका रूपमा चारवर्ष अगाडि जन्मिएको "चिलिमे प्रतिभापुञ्ज" को जीवन्तताका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सम्पूर्ण लेखक महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै लेख-रचनाहरू उपलब्ध हुने अपेक्षा राख्दछौं ।

चिलिमे जलविद्युत कम्पनी कर्मचारी युनियनले वार्षिक रूपमा सञ्चालन गर्दै आएका विविध कार्यक्रमहरूलाई पूर्णरूपले सफल बनाउने सिलसिलामा सदैव सहयोग, समर्थन तथा सहकार्य गरिदिनु हुने समस्त सहयात्री कर्मचारी साथीहरू, स्थानीयवासीहरू लगायत हामीलाई लेख रचना उपलब्ध गराउनु हुने आदरणीय लेखक एवं सर्जक ज्यूहरू तथा प्रतिभापुञ्जको सदैव भलो चिताउने शुभेच्छुक मित्रहरू साथै प्रतिभापुञ्जको अविरल यात्रामा मार्गदर्शन गर्नुहुने आदरणीय सल्लाहकारज्यूहरू, कम्पनी व्यवस्थापन एवं लुकेका प्रतिभाहरूलाई प्रतिभापुञ्ज मार्फत व्यक्त गर्नु हुने कर्मचारी साथीहरू लगायत प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने सम्पूर्ण सहयोगी मित्रहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । आगामी दिनहरूमा यस्तै सहयोगको निरन्तर अपेक्षा राख्दछौं ।

प्रकाशनका विविध परिबन्धका कारण केही लेख-रचनाहरूलाई हुबहु प्रकाशन गर्न नसकिएकोमा तथा चिलिमे प्रतिभापुञ्जको स्तरीयतामा आँच नपुगोस् भन्ने हेतुले कतिपय लेख रचनाहरू प्रकाशन गर्न असमर्थ हुनुको हाम्रो बाध्यतालाई यहाँहरूले सहजतरूपमा लिनु हुनेछ भन्ने विश्वास छ । साथै प्रकाशित लेख/रचनाहरू लेखक तथा सर्जकहरूका निजी विचारहरू भएको सम्पूर्ण पाठक वर्गहरूलाई जानकारी गराउदछौं । अन्त्यमा, नव वर्ष २०६८ सालको पावन अवसरमा समस्त कर्मचारी मित्रहरू आदरणीय लेखकज्यूहरू तथा पाठकवर्गहरू लगायत सम्पूर्ण नेपालीहरूलाई हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौं ।

चिलिमे जलविद्युत कं. लि.
स्थापित २०५२
CHILIME HYDROPOWER COMPANY LTD.
ESTD 1995

चिलिमे प्रतिभापुञ्ज

वार्षिक पुस्तिका २०६८ बैशाख, वर्ष ४, अंक ४